नेपालको अर्थतन्त्र उत्थानशील रहेको विश्व बैंकको निष्कर्ष

सन् २०२४/०२५ मा ४ दशमलव ५ र २०२५ देखि २०२७ सम्म औसत ५ दशमलव ४ प्रतिशत आर्थिक वृद्धिदरको प्रक्षेपण

■ केशव भट्ट

काठमाडौं । विश्व बैंकले आर्थिक वर्ष सन् २०२४/०२५ मा नेपालको अर्थतन्त्र ४ दशमलव ५ प्रतिशतले वृद्धि हुने प्रक्षेपण गरेको छ ।

नेपालस्थित विश्व बैंकको कार्यालयले बिहीबार 'नेपाल विकास प्रतिवेदन' सार्वजनिक गर्दै नेपालको अर्थतन्त्र उत्थानशील रहेको जनाएको छ । यसैकारण आर्थिक वर्ष सन् २०२५/०२६ र २०२६/०२७ मा नेपालको अर्थतन्त्रले औसत ५ दशमलव ४ प्रतिशतको आर्थिक वृद्धिदर हासिल गर्ने प्रक्षेपण प्रतिवेदनले गरेको छ । आगामी वर्षहरूको वृद्धिका लागि भने सेवा क्षेत्रको प्रभाव उल्लेख्य रहने बताएको छ ।

आर्थिक वर्ष २०२४/२५ को वृद्धिका लागि बैंकले नेपालको आन्तरिक व्यापार, जलविद्युत् तथा धान उत्पादनको वृद्धिलाई कारक बनाएको छ ।

प्रतिवेदनका अनुसार आर्थिक वर्ष २५ को पहिलो ६ महिनामा वास्तविक कुल गार्हस्थ उत्पादन ४ दशमलव ९ प्रतिशतले बढ्यो, जुन आर्थिक वर्ष २४ को पहिलो ६ महिनामा ४ दशमलव ३ प्रतिशत थियो । यो मुख्यतया कृषि र औद्योगिक क्षेत्रमा आएको वृद्धिको कारणले भएको बताइएको छ । यद्यपि सेवा क्षेत्रमा आएको मन्दीले यो वृद्धिलाई आंशिक रूपमा अफसेट गरेको प्रतिवेदनमा छ ।

सन् २०२४ को अन्त्यतिर अविरल वर्षाको कारण आएको बाढी र पहिरोले कुल गार्हस्थ्य उत्पादनको शून्य दशमलव ८ प्रतिशत बराबरको क्षति पुऱ्याएको थियो । जसले पूर्वाधार, कृषि र सामाजिक सेवाहरूमा गम्भीर असर पारेको प्रतिवेदनमा उल्लेख छ । यसबाहेक, नोभेम्बर २०२४ मा सुरु गरिएको त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको निरन्तर स्तरोन्नतिले पर्यटन क्षेत्रमा ठूलो अवरोध निम्त्यायो, वैकल्पिक अन्तर्राष्ट्रिय विमानस्थलको अभावका कारण सञ्चालन समय घट्यो र टिकटको मूल्य बढ्यो ।

आर्थिक वर्ष २०२५ को पहिलो ६ महिनामा मुख्य मुद्रास्फीति ५ प्रतिशतमा झरेको छ, जुन आर्थिक वर्ष २४ को पहिलो ६ महिनामा ६ दशमलव ५ प्रतिशत थियो, जुन राष्ट्र बैंकको मुद्रास्फीति सीमासँग मिल्दोजुल्दो छ ।

आर्थिक वर्ष २०२५ को बजेटले चुनिएका उत्पादनहरूमा भ्याट हटाएको भए तापनि खाद्य तथा पेय पदार्थको मुद्रास्फीति ७ दशमलव ५ प्रतिशतमा उकालो लागेको छ, भने तरकारीको मूल्य २६ दशमलव ६ प्रतिशतले बढेको प्रतिवेदनले औंल्याएको छ ।

विश्व बैंकले यसअघि सार्वजनिक 'आर्थिक वृद्धि उकास्नका लागि उत्थानशीलताको लाभ उपयोग तथा सुधार कार्यान्वयन' प्रतिवेदनमा आर्थिक वर्ष २०२३/०२४ को दर ३ दशमलव ९ प्रतिशत आर्थिक वृद्धि हुने प्रक्षेपण गरेको थियो । आप्रवासीहरूको बहिर्गमनमा २६ प्रतिशतको कमी, विशेष गरी मलेसियामा बसाइँसराइ गर्ने नेपाली कामदारहरूको संख्यामा ७४ प्रतिशतको तीव्र गिरावटले गर्दा, विप्रेषण आप्रवाह आर्थिक वर्ष २०२४ को पहिलो ६ महिनामा कुल गार्हस्थ्य उत्पादनको १२ दशमलव ९ प्रतिशतबाट घटेर आर्थिक वर्ष २५ को पहिलो ६ महिनामा १२ दशमलव ४ प्रतिशतमा झरेको छ ।

यसैबीच, पेट्रोलियम पदार्थको आयातमा कमी र विदेश यात्राका कारण वस्तु तथा सेवाहरूको आयात आर्थिक वर्ष २०१६ को पहिलो ६ महिनायताकै न्यूनतम स्तरमा पुगेपछि व्यापार घाटा घटेको विश्व बैंकको प्रतिवेदनमा उल्लेख छ । त्यस्तै, व्यापारिक वस्तुको निर्यात बढ्दा, विशेष गरी परिष्कृत खाद्य तेलको र यात्रा र यातायात सेवाहरूमा कटौतीका कारण सेवा निर्यातमा थोरै गिरावट देखिएको छ ।

साँघुरो हुँदै गएको चालु खाताको जगेडाको बावजुद, नेपालको विदेशी मुद्रा सञ्चिति पर्याप्त रहेको विश्व बैंकको ठहर छ ।नेपालले आवश्यक रोजगारी सिर्जना गर्न निजी क्षेत्रले अगुवाइ गरेको आर्थिक वृद्धिलाई बढावा दिनु अत्यावश्यक रहेको विश्व बैंकका माल्दिभ्स, नेपाल, र श्रीलंकाका लागि राष्ट्रिय विभागीय निर्देशक डेभिड सिसलेनले बताए । उनले भने, 'प्रक्षेपण गरिएको आर्थिक वृद्धिलाई हासिल गर्नका लागि नेपालले आफ्नै उत्थानशील वृद्धिको प्रभावशाली इतिहासको जगमा प्रमुख संरचनागत सुधारहरू कार्यान्वयन गर्न आवश्यक छ ।'

प्रतिवेदनले भू–राजनीतिक र व्यापारसम्बन्धी अनिश्चिततालै नेपालको आर्थिक परिदृश्यमा सम्भावित जोखिम रहेको औंल्याएको छ । भू–राजनीतिक र व्यापारसम्बन्धी अनिश्चिततालै नेपालको वित्तीय क्षेत्रमा ऋणको गुणस्तरमा थप गिरावट आउन सक्ने सम्भावना रहेको प्रतिवेदनमा उल्लेख छ ।

सरकारले बारम्बार कर्मचारीहरूको सरुवा गर्ने कारण उत्पन्न हुने नीतिगत अस्थिरताको जोखिम बढाएको तथा पुँजीगत बजेट कार्यान्वयनमा ढिलाइ हुने गरेको छ, जसको कारण अर्थतन्त्र प्रभावित हुनेतर्फ विश्व बैंकले सचेत गराएको छ । कार्यक्रममा बोल्दै राष्ट्रिय योजना आयोगका उपाध्यक्ष प्राध्यापक डा.शिवराज अधिकारीले नेपाल डेभलपमेन्ट अपडेटले पछिल्ला आर्थिक विकासबारे महत्वपूर्ण अन्तरदृष्टि प्रदान गर्नुका साथै नेपालको उत्थानशील आर्थिक वृद्धिलाई प्रकाश पारेको बताए । नेपालको १६औं योजना लक्ष्यहरू हासिल गर्न आर्थिक वृद्धिलाई थप मजबुत बनाउनुपर्ने भएकाले प्रभावकारी पुँजीगत बजेट कार्यान्वयन एवं चालु परियोजनाहरू समयमै सम्पन्न गर्न आवश्यक रहेको उनको भनाइ थियो ।

कति अवसर कति चुनौती ?

आर्थिक वर्ष २०२६–२०२७ मा वार्षिक औसत ५ दशमलव ४ प्रतिशत हुने अपेक्षामा विश्व बैंकले विद्युत् र निर्माण क्षेत्रमा भएको उल्लेखनीय बिस्तारका कारण औद्योगिक क्षेत्रको वृद्धिदर तीव्र हुने अनुमानलाई पनि आधार बनाएको छ । विद्युत् क्षमता बढाउने र ऊर्जा निर्यात बढाउने सरकारी प्रयासहरूले औद्योगिक वृद्धिलाई अझ तीव्र बनाउने अपेक्षा गरिएको प्रतिवेदनमा उल्लेख छ ।

नेपालमा मुद्रास्फीति आर्थिक वर्ष २०२५ मा ५ प्रतिशतमा झर्ने र आर्थिक वर्ष २०२६/०२७ मा औसत ४ दशमलव ४ प्रतिशत हुने विश्व बैंकले अपेक्षा गरेको छ । जसका लागि आर्थिक वर्ष २०२६/२७ मा अनुकूल मनसुनको परिणामस्वरूप गैर–खाद्य तथा पेय पदार्थको मुद्रास्फीतिमा कमी, उत्पादन लागतमा कमी र सकारात्मक कृषि उत्पादनका कारण हुने बताइएको छ ।

आर्थिक वर्ष २०२५ मा राजस्व घाटा कुल गार्हस्थ्य उत्पादनको २ दशमलव ५ प्रतिशतमा रहने अपेक्षा गरिएको छ । जुन आर्थिक वर्ष २०२४ मा जस्तै हो, किनकि कम राजस्व (अनुदानसहित) घटाइएको खर्चले पूर्ति गर्ने अपेक्षा गरिएको छ । उच्च ब्याज भुक्तानी र पुँजीगत खर्चका कारण घाटा आर्थिक वर्ष २७ सम्ममा जिडिपीको २ दशमलव ९ प्रतिशतमा थोरै बढ्ने अनुमान गरिएको छ । राजस्व वृद्धि आन्तरिक राजस्व परिचालन रणनीतिको सफल कार्यान्वयनमा निर्भर गर्नेछ । घाटा बाह्य सहुलियतपूर्ण ऋण र आन्तरिक ऋणमार्फत पूर्ति गरिनेछ, जसमा सार्वजनिक ऋण आर्थिक वर्ष २०२७ सम्ममा कुल गार्हस्थ्य उत्पादनको ४३ दशमलव ४ प्रतिशत पुग्ने अनुमान गरिएको छ । जुन वित्तीय नियमहरूद्वारा परिभाषित दिगो सीमाभित्र नै रहनेछ ।

नेपालको विकास मोडेल रेमिट्यान्स र पर्यटनमा धेरै निर्भर छ, त्यसैले साझेदार देशहरूको वृद्धिमा आएको सुस्तीले रेमिट्यान्स र पर्यटन दुवैमा गिरावट आउँदा आर्थिक वृद्धिमा थप बाधा पुग्न सक्ने छ ।

नेपाली अर्थतन्त्रमा आन्तरिकतर्फ वित्तीय क्षेत्रको सम्पत्ति गुणस्तरमा थप गिरावटले निजी क्षेत्रको ऋणलाई कडा बनाउन सक्छ । एफएटिएफको खैरो सूचीमा नेपालको निरन्तर उपस्थितिले अर्थतन्त्रमा ठूलो जोखिम देखिन्छ ।

त्यस्तै, पुँजीगत खर्च सुधारहरू कार्यान्वयनमा लामो समयसम्म हुने ढिलाइले पूर्वाधार विकासमा बाधा पुऱ्याउन सक्छ, आर्थिक दक्षता घटाउन सक्छ र दीर्घकालीन वृद्धि सम्भावनालाई सीमित गर्न सक्छ । सकारात्मक पक्षमा, मार्च २०२५ मा संसद्ले पारित गरेको ५ अध्यादेशमार्फत ल्याइएका निजी क्षेत्रको नेतृत्वमा वृद्धि सुधारहरूबाट अर्थतन्त्रले लाभ उठाउन सक्छ ।

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
पर्वत, कुश्मा

जग्गा प्राप्ति सम्बन्धी सूचना

प्रकाशित मिति : २०८१।१२।२२

फलेवास नगरपालिका वडा नं. ६ देविस्थानमा आयुर्वेद स्वास्थ्य केन्द्र (प्रदेश आयुर्वेद चिकित्सालय)को भवन निर्माणको लागि फलेवास नगरपालिका वडा नं ६ मा पर्ने जग्गा प्राप्ती गर्न जग्गा प्राप्ती ऐन २०३४ बमोजिम प्रारम्भिक कारवाही चलाउनका लागि जग्गा प्राप्ती ऐन २०३४ दफा ९ को उपदफा १ को प्रयोजनको लागि सम्वन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ। जग्गा प्राप्ती ऐन २०३४, को दफा १० बमोजिम यो सूचना प्रकाशित गरिएको मितिले १५ दिन भित्र सरोकारवाला व्यक्तिले घर टहरा भए सो समेतको मुआब्जा दावी गर्ने आ-आफ्नो हकदैया या भोगचलन सम्वन्धि सबुद निस्सा तथा प्रमाण सहित रितपूर्वकको निवेदन यस कार्यालय वा फलेवास नगरपालिका तथा जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्रको कार्यालयमा समयमा दिनुहुन अनुरोध छ। तोकिएको म्याद भित्र निवेदन नदिई म्याद गुजारेको खण्डमा कानून बमोजिम हुनेछ र पछि कुनै उजुर लाग्ने छैन।

क्र. स.	ठेगाना	कि.नं	जग्गाधनिको नामथर	बाबु/पतिको नामथर	बाजे/ससुराको नाम	साविक जग्गाको क्षेत्रफल				प्राप्त गरिने जग्गाको क्षेत्रफल				कैफियत
						रो.	आ.	पै.	दा.	रो.	आ.	पै.	दा.	
१	साविक देविस्थान ३ हाल फलेवास न.पा. ६	२६९	गंगा राज शर्मा पौडेल	लक्ष्मी दत्त शर्मा पौडेल	स्यामलाल	१	४	३	०	१	४	३	०	पुरा
२	साविक देविस्थान ३ हाल फलेवास न.पा. ६	२७०	बाल कुमारी जैसी	नारायण प्रसाद जैसी	जयकृष्ण	०	१३	२	३	०	६	३	१	पुर्व
३	साविक देविस्थान ३ हाल फलेवास न.पा. ६	२७१	उमा जैसी	याम प्रसाद पौडेल	पशुपती पौडेल	०	६	१	३	०	६	१	३	पुरा
४	साविक देविस्थान ३ हाल फलेवास न.पा. ६	५३७	जनक प्रसाद श्रेण्ठ	राम प्रसाद श्रेष्ठ	रत्नमान	०	३	०	०	०	३	०	०	पुरा
५	साविक देविस्थान ३ हाल फलेवास न.पा. ६	७२१	कोषनाथ पौडेल	लक्ष्मी प्रसाद	गंगाधर	०	२	१	३	०	२	१	३	पुरा
६	साविक देविस्थान ३ हाल फलेवास न.पा. ६	६६०	होमनाथ शर्मा	मोतिलाल शर्मा	गंगाधर	०	२	१	०	०	२	१	०	पुरा
७	साविक देविस्थान ३ हाल फलेवास न.पा. ६	७२२	मुरारी शर्मा	लक्ष्मी प्रसाद जैसी	गंगाधर	०	२	१	३	०	२	१	३	पुरा
८	साविक देविस्थान ३ हाल फलेवास न.पा. ६	२७२	तिल कुमारी शर्मा	पिताम्बर शर्मा	अगन्धर शर्मा	०	६	१	१	०	६	१	१	पुरा
९	साविक देविस्थान ३ हाल फलेवास न.पा. ६	२५१	उद्योग बहादुर श्रेष्ठ	पुर्ण नारायण	दल बहादुर	१	२	३	२	१	२	३	२	पुरा

कर्जा चुक्ता भुक्तानी गर्ने सम्बन्धी ३५ (पैंतिस) दिने अत्यन्त जरूरी सूचना

(प्रकाशित मिति २०८१ साल चैत महिना २२ गते शुक्रबार)

यस विकास बैंकको शाखा कार्यालय कोटिहवाबाट तपशिलमा उल्लेखित ऋणीहरुले विभिन्न कर्जा शीर्षक अर्न्तगत लिएको कर्जाको साँवा, ब्याज र अन्य दै दस्तुर समेत तिर्ने बुझाउने सम्बन्धमा बैंकसंग गरेको शर्त कबुलियत उल्लंघन गर्नु भएको र बैंकबाट पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत सो कर्जाको तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज तथा हर्जाना समेत चुक्ता भुक्तान गर्न आउने तर्फ कुनै चासो नदेखाउनु भएको र नआउनु भएकोले यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिन भित्रमा बैंकलाई तिर्न बुझाउनु पर्ने सम्पूर्ण साँवा, ब्याज तथा हर्जाना ब्याज समेत चुक्ता भुक्तान गर्न आउनुहुन यो सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र यस संस्थामा सम्पर्क राखी संस्थाबाट लिएको कर्जाको सम्पूर्ण सावां, ब्याज र अन्य दै दस्तुर चुक्ता भुक्तान गर्नु होला । उक्त अवधि भित्र तपाईले यस संस्थाबाट लिएको कर्जाको साँवा, ब्याज र अन्य दै दस्तुर चुक्ता भुक्तान नगरेमा तपाई तथा तपाईको एकाघरसंगोलका अंशियार सदस्यहरुको नाममा रहेको चल अचल सम्पत्ति बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा ५७ उपदफा १ ले दिएका अधिकार प्रयोग गरी लिलाम बिक्री गरी संस्थाले आफ्नो सम्पूर्ण लेना रकम असुल उपर गरी लिने व्यहोरा अवगत गराउंदछौं । सो मार्फत पनि संस्थाको सम्पूर्ण लेना रकम असूल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, बैंक तथा वित्तीय संस्था ऋण असूली ऐन २०५८ र सोको नियमावली तथा प्रचलित कानून अनुसार ऋणी तथा व्यक्तिगत धनजमानीकर्ताको अन्य चल अचल जायजेथा श्रीसम्पत्तिबाट बांकी साँवा, ब्याज हर्जाना तथा अन्य दै दस्तुर असूल उपरका लागि अन्य कानूनी प्रकृया अगाडी बढाईने व्यहोरा ऋणी तथा धनजमानीकर्ताहरु तथा सम्बन्धित सबैलाई यो सूचना मार्फत सूचित गरिन्छ । साथै उक्त अवधि भित्र कर्जा चुक्ता नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ५७ को उपदफा ११ अनुसार ऋणी र व्यक्तिगत धनजमानीकर्ताको तीन पुस्ते विवरण कर्जा सूचना केन्द्र लि.को कालो सूचीमा नाम समावेश गरिने व्यहोरा समेत जानकारी गराईन्छ ।

तपशिल

१) कर्जा शिर्षक : साधारण कर्जा

ऋणीको विवरण
झविन्द्र बहादुर बस्यालको छोरी यम बहादुर गुरुङ्गको बुहारी राम बहादुर गुरुङ्गको पत्नी रुपन्देही जिल्ला टिकुलीगढ गा.वि.स. वडा नं. ४ हाल, तिलोत्तमा न.पा. वडा नं. १४ बस्ने **हेमा गुरुङ्ग** (ना.प्र.नं. : ३७३०१६/१२५, जारी मिति र जिल्ला : २०६३/१०/२९, रुपन्देही)
व्यक्तिगत धनजमानीकर्ताको विवरण
यम बहादुर गुरुङ्गको नाति राम बहादुर गुरुङ्गको छोरा रुपन्देही जिल्ला तिलोत्तमा न.पा. वडा नं. १४ बस्ने **आयुस गुरुङ्ग** (ना.प्र.नं.३७-०१-७६-०२१४४, जारी मिति र जिल्ला : २०७६/०१/३१, रुपन्देही)

२) कर्जा शिर्षक : साधारण कर्जा

ऋणीको विवरण
तिल बहादुर गुरुङको छोरी फत्त बहादुर गुरुङ्गको बुहारी लक्ष्मण गुरुङ्गको पत्नी स्याङ्गजा जिल्ला माझकोट शिवालय गा.वि.स. वडा नं. ३ हाल, रुपन्देही जिल्ला सियारी गा.पा. वडा नं. १ बस्ने **अन्जु गुरुङ्ग** (ना.प्र.नं.४२२०३९/५१८, जारी मिति र जिल्ला : २०७२/०७/१६ स्याङ्गजा)
व्यक्तिगत धनजमानीकर्ताको विवरण
जौ बहादुर गुरुङ्गको नाति फत्त बहादुर गुरुङ्गको छोरा स्याङ्गजा माझकोट शिवालय गा.वि.स. वडा नं. ३ हाल रुपन्देही जिल्ला सियारी गा.पा. वडा नं. १ बस्ने **लक्ष्मण गुरुङ्ग** (ना.प्र.नं.४२२०३९/३११७६, जारी मिति र जिल्ला : २०६४/११/२१, स्याङ्गजा)

३) कर्जा शिर्षक : विशिष्ट सदस्य कर्जा

ऋणीको विवरण
मान बहादुर तमाङको बुहारी फै लामा तमाङको पत्नी नुवाकोट जिल्ला किस्पाङ वडा नं. ३ हाल, रुपन्देही जिल्ला तिलोत्तमा न.पा. वडा नं. १५ बस्ने **शोभा तामाङ** (ना.प्र.नं.११०४४५, जारी मिति र जिल्ला : २०६३/०४/२६, नुवाकोट)
व्यक्तिगत धनजमानीकर्ताको विवरण
मान बहादुर तामाङको नातिनी फै लामा तमाङको छोरी नुवाकोट जिल्ला गा.पा वडा नं. ३ हाल, रुपन्देही जिल्ला तिलोत्तमा न.पा. वडा नं. १५ बस्ने **कामना तामाङ** (ना.प्र.नं. : २५-०१-७५-०६५०२, जारी मिति र जिल्ला : २०७५/१०/२७, नुवाकोट)

४) कर्जा शिर्षक : साधारण कर्जा

ऋणीको विवरण
मन बहादुर थापा क्षेत्रीको बुहारी कुल बहादुर थापा क्षेत्रीको पत्नी रुपन्देही जिल्ला टिकुलीगढ गा.वि.स. वडा नं. ९ हाल, तिलोत्तमा न.पा. वडा नं. १३ बस्ने **शर्मिला थापा क्षेत्री** (ना.प्र.नं. : ३७१०१६/३९६६७, जारी मिति र जिल्ला : २०६६/०६/२३, रुपन्देही)
व्यक्तिगत धनजमानीकर्ताको विवरण
खडका बहादुर थापा क्षेत्रीको नाति मन बहादुर थापा क्षेत्रीको छोरा रुपन्देही जिल्ला टिकुलीगढ गा.वि.स वडा नं. ९ हाल, तिलोत्तमा न.पा. वडा नं. १३ बस्ने **कुल बहादुर थापा क्षेत्री** (ना.प्र.नं. : २५११०, जारी मिति र जिल्ला : २०६०/०९/३०, रुपन्देही)

५) कर्जा शिर्षक : साधारण कर्जा

ऋणीको विवरण
ठुटे सार्कीको छोरी सन बहादुर नेपालीको बुहारी बिर बहादुर नेपालीको पत्नी रुपन्देही जिल्ला केरवानी वडा नं. ४ हाल, तिलोत्तमा न.पा. वडा नं. १५ बस्ने **तुलसी नेपाली** (ना.प्र.नं. : ३७१००२/२८९५५, जारी मिति र जिल्ला : २०६७/०७/३०, रुपन्देही)
व्यक्तिगत धनजमानीकर्ताको विवरण
मनिलाल नेपालीको नाति सन बहादुर नेपालीको छोरा रुपन्देही जिल्ला केरवानी वडा नं. ४ हाल, तिलो त्तमा न.पा. वडा नं. १५ बस्ने **बिर बहादुर नेपाली** (ना.प्र.नं. : ३७१००२/२६७७६, जारी मिति र जिल्ला : २०६६/०७/२४,रुपन्देही)

६) कर्जा शिर्षक : साधारण कर्जा

ऋणीको विवरण
तजिमुल खानको नातिनी मोईउद्दीन खानको छोरी रुपन्देही जिल्ला मधवलिया गा.वि.स.वडा नं. २ हाल, तिलो त्तमा न.पा. वडा नं. १६ बस्ने **रुबिना खातुन** (ना.प्र.नं. : ३७३०१७/१७३, जारी मिति र जिल्ला : २०६३/१०/२५, रुपन्देही)
व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण
१) तजिमुल खानको नाति मोईउद्दीन खानको छोरा रुपन्देही जिल्ला मधवलिया गा.वि.स वडा नं. २ हाल, तिलोत्तमा न.पा. वडा नं. १६ बस्ने **सैफ अलि खान** (ना.प्र.नं. : ३७-०१-७०-११०८८, जारी मिति र जिल्ला : २०७०/०८/२७, रुपन्देही)
२) नियामत अलीको नाति तजिमुल खानको छोरा रुपन्देही जिल्ला मधवलिया गा.वि.स वडा नं. २ हाल, तिलोत्तमा न.पा. वडा नं. १६ बस्ने **मोईउद्दीन खान** (ना.प्र.नं. : ३७३०१७/१७२, जारी मिति र जिल्ला : २०६३/१०/२५, रुपन्देही)

७) कर्जा शिर्षक : साधारण कर्जा

ऋणीको विवरण
मनिराम थारुको बुहारी लिखनाथ थारुको पत्नी नवलपरासी जिल्ला मनरी गा.वि.स.वडा नं. ४ हाल, रुपन्देही जिल्ला तिलोत्तमा न.पा. वडा नं. १६ बस्ने **मान कुमारी चौधरी** (ना.प्र.नं. : ३६३०६०/७२२, जारी मिति र जिल्ला : २०७०/०२/२६, नवलपरासी)
व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण
१) गोपाली थारुको बुहारी मनिराम कंवर थारुको पत्नी रुपन्देही जिल्ला मधवलिया गा.वि.स वडा नं. ५ हाल, तिलोत्तमा न.पा. वडा नं. १६ बस्ने **प्रेम कुमारी कँवर जोगी थरुनी** (ना.प्र.नं. : ८/५४०२, जारी मिति र जिल्ला : २०४६/०२/०२, रुपन्देही)
२) बम बहादुर थारुको बुहारी शेर बहादुर चौधरीको पत्नी रुपन्देही जिल्ला करहिया गा.वि.स वडा नं. ३ हाल, तिलोत्तमा न.पा. वडा नं. १६ बस्ने **सुश्री लक्ष्मी थारु** (ना.प्र.नं. : १०६१, जारी मिति र जिल्ला : २०५१/०६/१५, रुपन्देही)

"नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्र प्राप्त राष्ट्रिय स्तरको विकास बैंक"

मुक्तिनाथ विकास बैंक लि.
MUKTINATH BIKAS BANK LTD.

Winner of EUROPEAN MICROFINANCE AWARD 2020

Central Office: Lazimpat, Kathmandu, Tel.: 01-5970887, Toll Free No.: 16600149999
E-mail: info@muktinathbank.com.np, Web: www.muktinathbank.com.np

जनता बैंकमा होइन, बैंक जनतामा जानु पर्दछ